# बीमा सर्भेयर सम्बन्धी निर्देशन, २०८३

स्वीकृत मितिः- २०८३/०१/१०

प्रस्तावना: बीमा सर्भेयरको कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई निजहरूको व्यावसायिक निष्ठा, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी बीमितको वास्तविक क्षतिको न्यायोचित मूल्याङ्कन गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले; बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले यो निर्देशन जारी गरेको छः-

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशनको नाम "बीमा सर्भेयर सम्बन्धी निर्देशन, २०८३" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशनमा:-

(क) "इजाजतपत्र "भन्नाले ऐनको दफा ९१ बमोजिम बीमा सर्भेयरलाई तोकिए बमोजिमको काम गर्न दिइएको इजाजतपत्रलाई जनाउँछ।

(ख) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले बीमा नियमावली,२०८१ सम्झनु पर्छ।

(घ) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिमको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(ङ) "बीमा सर्भेयर" भन्नाले क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न इजाजतपत्र प्राप्त बीमा मध्यस्थकर्ता व्यक्ति वा संस्था सम्झनु पर्छ।

## परिच्छेद -२
## बीमा सर्भेयर इजाजतपत्र सम्बन्धी व्यवस्था

३. अनलाइन पोर्टल मार्फत निवेदन दिनु पर्नेः (१) सर्भेयरको रुपमा काम गर्न चाहने व्यक्ति वा संस्थाले प्राधिकरणबाट तयार गरिएको अनलाइन पोर्टल मार्फत् निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिंदा व्यक्तिगत बीमा सर्भेयरको हकमा नियमावलीको नियम ४५ बमोजिमका प्रकार (पोर्टफोलियो) मध्ये कुनै एक उल्लेख गरी निवेदन पेश गर्नुपर्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(३) उपदफा (१) बमोजिमको निवेदन दिने व्यक्तिले नियमावलीको नियम ६३ बमोजिम संचालन हुने बीमा सर्भेयरको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

तर ऐन प्रारम्भ हुनु अगावै इजाजतपत्र प्राप्त गरेका व्यक्ति, संस्था वा प्रोपाइटर सिप फर्म संचालकको हकमा यस निर्देशिका बमोजिमको सर्भेयरको इजाजतपत्र कायम गर्न पुनः परीक्षा दिनु पर्ने छैन।

(४) बीमा सर्भेयर हुन चाहने संस्था कुनै खास प्रकारको व्यवसाय गर्ने रहेछ र त्यसको लागि कुनै निकायको इजाजतपत्र आवश्यक पर्ने रहेछ भने त्यस्तो इजाजतपत्र समेत प्राप्त गरेको हुनु पर्नेछ।

४. **इजाजतपत्र दिनु पर्ने:** (१) प्राधिकरणले बीमा सर्भेयरलाई निजको शैक्षिक योग्यता, तालिम र अनुभवको आधारमा प्रकार (पोर्टफोलियो) उल्लेख गरी निवेदन प्राप्त भएको सात कार्यदिन भित्र इजाजतपत्र दिने सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(२) ऐन प्रारम्भ हुनु अगावै व्यक्तिगत बीमा सर्भेयरको इजाजतपत्र लिएको व्यक्तिले यो निर्देशन लागु भएको मितिले तीन महिनाभित्र आफ्नो विशेषज्ञता रहेको रोजेको प्रकार (पोर्टफोलियो) कायम गर्न निवेदन पेश गर्नुपर्नेछ।

(३) ऐन प्रारम्भ हुनु अगावै संस्थागत बीमा सर्भेयरको इजाजतपत्र लिएका संस्थाले यो निर्देशन लागु भएको मितिले तीन महिना भित्र प्राधिकरण समक्ष निवेदन दिई नियमावली बमोजिम इजाजतपत्र कायम गर्नुपर्नेछ।

५. **इजाजतपत्र दिन इन्कार गर्न सक्ने:** (१) देहायको कुनै अवस्थामा प्राधिकरणले बीमा सर्भेयरको इजाजतपत्र दिने छैन:

(क) ऐन, नियमावली, निर्देशन र प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने विवरण कागजात पेश नगरेमा,

(ख) निवेदकले कर चुक्ता प्रमाणपत्र पेश नगरेमा,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको भएमा,

(घ) सञ्चालक एवं मुख्य व्यवस्थापक सर्भेयरको कार्य गर्न प्रचलित कानून बमोजिम सक्षम नदेखिएमा,

(ङ) प्राधिकरणले ऐन तथा नियमावली बमोजिम कारबाही गरेको व्यक्ति त्यसरी कारबाही गर्ने निर्णय भएको मितिले तीन वर्षको अवधि पूरा नभएमा,

(च) दफा ६ बमोजिम अयोग्य भएमा।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

६. <u>अयोग्यताः</u> देहायको कुनै व्यक्ति बीमा सर्भेयर भई कार्य गर्न अयोग्य हुनेछः-

(क) नियम ४६ बमोजिम योग्यता नभएको वा अयोग्य भएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा परी फुकुवा भएको मितिले एक वर्ष पुरा नभएको,

(ग) सम्बन्धित बीमकको बहालवाला लेखापरीक्षक वा परामर्शदाता वा बीमकसँग कुनै किसिमको वित्तीय स्वार्थ भएको,

(घ) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर चुक्ता नगरेको,

(ङ) संस्थागत सर्भेयरले निवेदन दिएको अघिल्लो आर्थिक वर्षसम्मको वित्तीय विवरणको लेखापरीक्षण नभएको।

(च) प्रचलित कानून बमोजिम दामासाहीमा परेको वा फौजदारी अभियोगमा अदालतबाट सजाँय पाएको।

## परिच्छेद -३

## <u>तालिम तथा इन्टर्नसिप</u>

७. <u>बीमा सर्भेयर तालिम लिनु पर्नेः</u> (१) नियमावलीको नियम ४६ अनुसार योग्यता हासिल गरेको व्यक्तिले बीमा सर्भेयर भई कार्य गर्न प्राधिकरण वा मान्यता प्राप्त संस्थाबाट बीमा सर्भेयरको कम्तिमा छत्तीस घण्टाको आधारभूत बीमा सर्भेयरको तालिम प्राप्त गरेको हुनुपर्नेछ।

(२) ईजाजतपत्र प्राप्त "ख" र "ग" बर्गका बीमा सर्भेयरले नबिकरण अवधि भित्र आफ्नो व्यवसायीक र प्राबिधिक सिप अद्यावधिक गर्न कम्तिमा पन्ध्र घण्टाको पुनर्ताजगी तालिम प्राप्त गरेको हुनुपर्नेछ।

८. <u>इन्टर्नसिपः</u> (१) नियमावलीको नियम ४७ बमोजिम इन्टर्नसिप गर्न नियमावलीको नियम ६३ बमोजिम संचालन हुने बीमा सर्भेयरको परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षा उतिर्ण गरेपश्चात निवेदकले संस्थागत सर्भेयर वा बीमकमा इन्टर्नसिप गरी सोको प्रमाणपत्र लिनुपर्नेछ।

तर ऐन प्रारम्भ हुनु अगावै इजाजतपत्र प्राप्त गरेका व्यक्ति, संस्था वा प्रोपाइटरसिप फर्म संचालकको हकमा इन्टर्नसिप गरी सोको प्रमाणपत्र लिनुपर्ने छैन।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## परिच्छेद -४

## बीमा सर्भेयरको वर्गीकरण

९. **बीमा सर्भेयरको वर्गीकरणः** (१) नियमावलीको नियम ४९ बमोजिम प्राधिकरणले व्यक्तिगत बीमा सर्भेयरलाई "क" र "ख" वर्गमा वर्गीकरण गर्दा निजको प्राविधिक विशेषज्ञता र कार्य अनुभवका आधारमा देहाय बमोजिमको संख्या र रकममा सर्भे गरेको हुनु पर्नेछः-

(क) "क" वर्गः न्यूनतम् पच्चीस करोड रुपैयाँ बराबरको क्षति मूल्याङ्कन र तीन सय वटा सर्भे प्रतिवेदन बुझाएको।

(ख) "ख" वर्गः न्यूनतम् दश करोड रुपैयाँ बराबरको क्षति मूल्याङ्कन र एक सय वटा सर्भे प्रतिवेदन बुझाएको।

(२) ऐन प्रारम्भ हुनु अगावै 'घ' वर्गको इजाजतपत्र प्राप्त व्यक्तिगत बीमा सर्भेयरले यो निर्देशन लागु भएको मितिले तीन महिना भित्र प्राधिकरण समक्ष निवेदन दिई 'ग' वर्गको इजाजतपत्र कायम गर्नुपर्नेछ।

(३) ऐन प्रारम्भ हुनु अगावै इजाजतपत्र लिएका सर्भेयरको हकमा बीमा नियमावली, २०४९ मा उल्लेख गरिएको अवधि पूरा भएका बीमा सर्भेयरलाई एक तह माथिल्लो वर्गमा स्तर उन्नति गरिनेछ।

## परिच्छेद-५

## सर्भे गर्न पाउने सीमा, पारिश्रमिक तथा प्रतिवेदन

१०. **सर्भे गर्न पाउने सीमाः** नियमावलीको नियम ५० बमोजिम कुनै व्यक्तिगत सर्भेयरले बढीमा पाँच वटा र संस्थागत सर्भेयरले बढिमा दश वटा सम्म सर्भे प्रतिवेदन बुझाउन बाँकी रहेको अवस्थामा सोही व्यक्ति वा संस्थालाई नियुक्ति गर्न पाइने छैन।

११. **बीमा सर्भेयरको पारिश्रमिकः** (१) बीमकले बीमा सर्भेयरको पारिश्रमिक हालको पारिश्रमिक दरमा नघट्ने गरी तोक्नु पर्नेछ।

(२) सर्भेयरको पारिश्रमिक सर्भेयरले प्रतिवेदन वुझाएको पैत्तिस दिन भित्र निजको बैंक खातामा जम्मा गरिदिनुपर्नेछ।

(३) बीमा सर्भे काममा लगाएको बीमकले बीमा सर्भेयरको दुर्घटना बीमा गरिदिनुपर्नेछ।

१२. **सर्भे प्रतिवेदन बुझाउने अवधिः** (१) बीमा सर्भेयरले आवश्यक जाँचबुझ गरी निर्जीवन बीमाको किसिम अनुसार दायित्व निर्धारण गरी नियमावलीको नियम ५२ मा उल्लेखित अवधिभित्र बीमालेखको शर्त तथा सुविधाको अधिनमा रही बीमितले पाउन सक्ने रकम उल्लेख गरी

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

बीमकको दायित्व निर्धारण गरी त्यसको विस्तृत विवरण सहितको प्रतिवेदन बीमक समक्ष पेश गर्नु पर्नेछ र सोको सारांस बीमितलाई समेत दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्भेयर नियुक्ति गर्दा प्राधिकरणबाट इजाजतपत्र प्राप्त गरी इजाजतपत्र वहाल रहेको व्यक्ति वा संस्थालाई मात्र नियुक्ति गर्नु पर्नेछ।

(३) बीमकले सर्भेयर खटाइएको विवरण तथा उपदफा (१) बमोजिमको सर्भेयरले पेश गरेको प्रतिवेदनको विवरण प्राधिकरणको आइआरएमएस (IRMIS) प्रणालीमा अपलोड गर्नु पर्नेछ।

## परिच्छेद -६

## बीमा सर्भेयरको काम कर्तव्य

१३. **बीमा सर्भेयरको कार्य:** (१) बीमा सर्भेयरको कार्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) क्षति अनुसारको बीमकको दायित्वको मूल्याङ्कन निष्पक्षता र न्यायोचित ढंगले साथ गर्ने,

(ख) बीमा गरिएको वस्तुको क्षति र सर्भे स्थल स्पष्ट रुपमा देखिने गरी विभिन्न कोणबाट खिचेको भिडियो तथा फोटो तथा आवश्यक प्रमाण कागजात संलग्न गरी वैज्ञानिक मूल्याङ्कनको आधारमा प्रमाणमा आधारित मूल्याङ्कन प्रतिवेदन तयार गर्ने,

(ग) ऐन, नियमावली र यस निर्देशनले तोकेको समय सीमा भित्र सर्भे प्रतिवेदन बीमक समक्ष पेश गर्ने,

(घ) सर्भे गरेको कम्तिमा पन्ध्र वर्षसम्म आफ्नो सर्भे सम्बन्धी कारोवारको अभिलेख भौतिक तथा बिद्युतीय प्रणालीमा राख्ने।

(२) संस्थागत सर्भेयरले आफूले गर्ने सर्भेसँग सम्बन्धित विषयमा सर्भेयरको इजाजतपत्र प्राप्त गरेको व्यक्तिलाई काममा लगाउनुपर्नेछ, साथै सर्भे स्थलमा उक्त विषयसँग सम्बन्धित विषय विज्ञलाई समेत साथमा लैजान सक्नेछ।

(३) बीमा दाबी भुक्तानी प्रक्रियालाई प्रभावकारी, छिटो, र पारदर्शी बनाउन आवश्यक कागजात र संकलित प्रमाणको तथ्यको प्रमाणीकरण तथा सम्बन्धित निकायहरुबीच समन्वय गरी सहजीकरण गर्नुपर्नेछ,

(४) सर्भेयरले बीमितसँग माग गर्नुपर्ने सम्पूर्ण कागजातहरुको सूची बनाई एकमुष्ठ पत्र मार्फत माग गर्नुपर्नेछ,

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

तर विशेष कारणले पुन: कागजातहरु माग गर्नु परेमा उपयुक्त कारण उल्लेख गरी बीमकलाई जानकारी दिई माग गर्न सक्नेछ।

(५) बीमितले आवश्यक कागजात उपलब्ध नगराएमा कुन कुन कागजात उपलब्ध नगराएको हो सोको विवरण सहित बीमकलाई जानकारी गराउनुपर्नेछ ।

(६) बीमकले सर्भे सम्बन्धी काममा लगाउनका लागि मात्र बीमा सर्भेयरको रोष्टर खडा गर्न पाउनेछैन,

तर बीमकले आफुले काममा लगाएका सर्भेयरहरुको विवरण अद्यावधिक गराई राख्नुपर्नेछ।

१४. <u>प्रतिवेदन पेश गर्नु पर्नेः</u> (१) बीमा सर्भेयरले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र देहायका विवरण खुल्ने गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(क) बीमा सर्भेयर भई कार्य गरेको विवरण तथा कागजात,

(ख) प्राधिकरणले समय समयमा तोकिदिएका विवरणहरू।

(२) उपदफा (१) बमोजिम पेश गरिएको प्रतिवेदनका आधारमा प्राधिकरणले आवश्यक निर्देशन दिन सक्नेछ।

१५. <u>निरीक्षण तथा छानविन गर्न सक्ने</u>ः (१) प्राधिकरणले बीमा सर्भेयरको काम कारबाहीको जुनसुकै समयमा निरीक्षण वा छानविन गर्न सक्नेछ।

(२) प्राधिकरणले निरीक्षण वा छानविन गर्दा दिएका निर्देशन पालना गर्नु बीमा सर्भेयरको कर्तव्य हुनेछ।

१६. <u>स्वार्थको खुलासा</u>ः सर्भेयरले कार्य सञ्चालन गर्नुअघि बीमक वा बीमितसँग आफनो कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष वित्तीय, पारिवारिक वा व्यवसायिक स्वार्थ छैन भनि घोषणापत्र पेश गर्नुपर्नेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## परिच्छेद- ७

## बीमा सर्भेयरको इजाजतपत्र नवीकरण, खारेजी तथा अनुशासन

१७. **बीमा सर्भेयरको इजाजतपत्र नवीकरण नहुने:** सर्भेयरले ऐनको दफा ९३ बमोजिमको दायित्व पालना नगरेको कारणले सो हैसियतमा रही कार्य गर्न अयोग्य देखिएमा वा बीमितलाई हानी नोक्सानी भएको प्रमाणित भएमा निजको इजाजतपत्र नवीकरण गरिने छैन।

१८. **इजाजतपत्रको स्वेच्छिक खारेजी:** नियमावलीको नियम ६४ को उपनियम (१) बमोजिम बीमा सर्भेयरको इजाजतपत्र स्वेच्छिक रुपमा खारेजी गर्न निवेदन दिँदा आफूले जिम्मा लिएका सम्पूर्ण अधुरा सर्भे कार्यहरूको स्थिति (Status) स्पष्ट खुलाई नियमावलीको अनुसूची-७ बमोजिमको नियमन दस्तुर तिरेको प्रमाण पेश गर्नुपर्नेछ।

## परिच्छेद -८

## विविध

१९. **विदेशी बीमा सर्भेयर सम्बन्धी व्यवस्था:** (१) विदेशी बीमा सर्भेयरले नेपालमा शाखा कार्यालय स्थापना गर्न वा संयुक्त लगानीमा कम्पनी स्थापना गरी कार्य सञ्चालन गर्न नियमावलीको नियम ६२ बमोजिम प्राधिकरणको पूर्वस्वीकृति प्राप्त गर्नुपर्नेछ ।

(२) प्राधिकरणबाट इजाजतपत्र प्राप्त सर्भेयरसँग संयुक्त रुपमा नेपालमा बीमा सर्भेयरको संगठित संस्था स्थापना गर्न इच्छुक विदेशी सर्भेयरले त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको अधिकतम असी प्रतिशतसम्म शेयर धारण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम पूर्वस्वीकृति लिई स्थापना भएको कम्पनीले बीमा सर्भेयरको इजाजतपत्र लिन देहायका कागजात संलग्न गरी नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ:-

(क) सङ्गठित संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रवन्धपत्र र नियमावली,
(ग) सम्भाव्यता अध्ययन प्रतिवेदन,
(घ) सङ्गठित संस्थाको प्रमुख कार्यकारीको व्यक्तिगत विवरण तथा योग्यता खुल्ने कागजात,

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(ङ) सम्बन्धित विदेशी मुलुकको नियामक निकायले सर्भेयरको कार्य गर्न दिएको इजाजतपत्र,

(च) निश्चित पोर्टफोलियोमा सर्भे गरेको अनुभव प्राप्त गरेको प्रमाणपत्र,

(छ) कम्पनी रजिष्ट्रारको कार्यालयमा विदेशी सर्भेयर कम्पनीको शाखाको रूपमा दर्ता भएको कागजात,

(ज) व्यवस्थापकीय प्रमुख तथा संलग्न अन्य व्यक्तिहरूको योग्यता, अनुभव तथा वैयक्तिक विवरण,

(झ) विदेशी नागरिकको हकमा नेपालमा काम गर्न सम्बन्धित निकायबाट प्राप्त अनुमतिपत्र (श्रम स्वीकृति)

(३) उपदफा (२) बमोजिम निवेदन दिने बीमा सर्भेयरको अन्तराष्ट्रिय व्यवसायिक पहुँच, प्रतिष्ठा तथा प्राधिकरणले समय-समयमा तोकेका मापदण्डको आधारमा प्राधिकरणले नेपालमा शाखा कार्यालय खोल्न इजाजत दिन सक्नेछ।

(४) विदेशी बीमा सर्भेयरको लागि इजाजतपत्र शुल्क र नवीकरण शुल्क नियमावलीको अनुसूची-७ बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम प्राधिकरणबाट सर्भेयरको इजाजतपत्र दिने आशयपत्र प्राप्त भएपछि सर्भे कार्य गर्नु अघि नेपालको "क" वर्गको वाणिज्य बैंकमा सेक्युरिटी डिपोजिट बापत अमेरिकी डलर दश हजार रुपैया जम्मा गर्नुपर्नेछ।

(६). विदेशी सर्भेयरले नेपालमा कार्य गर्दा नेपाली सर्भेयरहरुलाई सीप हस्तान्तरण (Skill Transfer) गर्ने सम्बन्धी योजना पेश गर्नुपर्नेछ।

२०. <u>नयाँ बीमा सर्भेयर नियुक्ती गर्न सक्ने</u>: (१) बीमा सर्भेयरले गरेको काम प्रति चित्त नबुझी अर्को बीमा सर्भेयर खटाउनु पर्ने भएमा बीमकले सोको कारण खोली प्राधिकरण समक्ष स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा उल्लेखित कारण मनासिब भएमा प्राधिकरणले अर्को बीमा सर्भेयर नियुक्तिको लागि स्वीकृति दिन सक्नेछ।

(३) स्वदेशी पुनर्बीमकलाई बीमा सर्भेयरको सर्भे प्रतिवेदन चित्त नबुझेमा पुनः सर्भेयर खटाउन सक्नेछ ।

तर स्वदेशी पुनर्बीमकले अर्को पुनर्बीमकसँग साझेदारीमा पुनर्बीमा गरेको अवस्थामा पुनः सर्भे गर्नुपर्ने अवस्था सिर्जना भएमा दुबै पुनर्बीमकले एक आपसको लिखित सहमतिमा मात्र सर्भेयर खटाउनुपर्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

तर स्वदेशी पुनर्बीमकले अर्को पुनर्बीमकसँग साझेदारीमा पुनर्बीमा गरेको अवस्थामा पुन: सर्भे गर्नुपर्ने अवस्था सिर्जना भएमा दुबै पुनर्बीमकले एक आपसको लिखित सहमतिमा मात्र सर्भेयर खटाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पुन: सर्भेयर खटाउँदा पुनर्बीमकले बीमकलाई जानकारी दिनुपर्नेछ।

२१. <u>संयुक्त बीमा सर्भेयर नियुक्ती गर्न सक्ने</u>: (१) विदेशी पुनर्बीमकबाट अनुरोध भएमा वा सम्बन्धित विषयको अनुभवी सर्भेयरको आवश्यकता परी नेपाली र विदेशी सर्भेयरले संयुक्त रुपमा सर्भे गर्नुपर्ने भएमा प्राधिकरणको स्वीकृति लिनु पर्नेछ।

(२) बीमा सर्भेयरले संयुक्त सर्भे कार्य सम्पन्न गरी सोको विवरण प्राधिकरणको आइआरएमएस (IRMIS) प्रणालीमा अपलोड गरी बुझाउनु पर्नेछ।

२२. <u>अभिलेख अद्यावधिक गर्न सकिने</u>: (१) प्राधिकरणको अभिलेखमा रहेको कुनै विवरण वा इजाजतपत्रका लागि अनलाइन पोर्टल मार्फत पेश गरेको विवरणमा कुनै त्रुटि सच्याउनु पर्ने भएमा वा विवरण थपघट गर्नुपर्ने भएमा सर्भेयरले त्यस्तो विवरण सच्याउन वा थपघट गर्नको लागि पाँच सय रुपैंया दस्तुर प्राधिकरणको बैंक खातामा भुक्तानी गरेको प्रमाण संलग्न गरी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा उल्लेखित कारण मनासिब भएमा प्राधिकरणले विवरण अद्यावधिक गरिदिनेछ ।

२३. <u>सर्भेयरको आचार संहिता</u>: सर्भेयरले अनुसूची-२ मा उल्लेखित आचार संहिताको पूर्ण पालना गर्नुपर्नेछ। आचार संहिता उल्लंघनलाई इजाजतपत्र खारेजीको प्रमुख आधार मानिनेछ।

२४. <u>परिचयपत्र दिनु पर्ने:</u> प्राधिकरणले सर्भेयरको लागि प्राधिकरणबाट जारी इजाजतपत्र नम्बर समेत उल्लेख भएको परिचयपत्र प्रदान गर्नेछ ।

२५. <u>खारेजी र बचाउ:</u> यस निर्देशिकामा उल्लेख भएको व्यवस्था बीमा ऐन २०७९, नियमावली २०८१ वा अन्य कुनै ऐनसँग बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## अनुसूची -१

(दफा १४(१) संग सम्बन्धित)

प्रतिवेदन पेश गर्ने ढाँचा

| | Surveyor Data Report | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | From Date: | | | To Date: | | | | | Insurer Name: | | | | | Surveyor Type: | | | |
| Insurer Name | Insurer Code | Surveyor Name | Surveyor Code | Surveyor Type | Policy Number | Policy Holder Name | Claim Number | Intimation Date | Surveyor Appointed Date | Document Demanded Date | Report Submission Date | Claim Settlement Date | Intimated Claim Amount | Estimated Amount | Actual Claim Paid Amount | Surveyor Fee | Cause of Loss |
| | | | | | | | | | | | | | | | | | |

<u>अनुसूची -२</u>

(दफा २३ संग सम्बन्धित)

## सर्भेयरको आचर संहिता

बीमा ऐन, २०७९ को दफा ९३ को उपदफा (९) बमोजिम बीमा सर्भेयरले पालना गर्नु पर्ने आचार संहिता देहाय बमोजिम हुनेछः-

क. सर्भेयरले पालना गर्नुपर्ने कुराहरुः-

१. इजाजतपत्र र कानुनी परिपालना

अ. <u>आधिकारिकता</u>ः प्राधिकरणबाट प्राप्त इजाजतपत्र सधैं साथमा राख्नुपर्ने र सम्बन्धित पक्षले मागेमा वा कार्यस्थलमा प्रवेश गर्दा देखाउनु पर्नेछ। संगठित संस्थाको हकमा सर्भे कार्य गर्ने प्रत्येक व्यक्तिको छुट्टाछुट्टै इजाजतपत्र हुनु अनिवार्य हुनेछ।

आ. <u>कानुनी सीमा</u>ः बीमा ऐन, नियमावली, प्राधिकरणका निर्देशन र आदेशहरूको पूर्ण पालना गर्दै तोकिएको कार्यसीमा भित्र रही कार्य सम्पादन गर्नुपर्नेछ।

२. पेशागत दक्षता र प्रविधि

अ. <u>विज्ञता र सीप</u>ः आफ्नो पेशागत कार्यका लागि आवश्यक सूचना प्रविधि, आधुनिक उपकरण र मूल्याङ्कनका प्राविधिक सीपहरूको पूर्ण ज्ञान हासिल गरी सोको उचित प्रयोग गर्नुपर्नेछ।

आ. <u>निरन्तर सिकाइ</u>ः बीमा बजारमा विकसित नवीनतम् प्राविधिक मापदण्डहरू र अन्तर्राष्ट्रिय मूल्याङ्कन पद्धति बारे आफूलाई सधैं अद्यावधिक राख्नुपर्नेछ।

३. निष्पक्षता र व्यावसायिक नैतिकता

अ. <u>सत्य-तथ्य मूल्याङ्कन</u>ः व्यक्तिगत आग्रह वा पूर्वाग्रहबाट मुक्त रही घटना र वस्तुस्थितिको यथार्थ विवरणका आधारमा वस्तुनिष्ठ र निष्पक्ष मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेछ।

आ. <u>स्वार्थको खुलासा</u>ः मूल्याङ्कन कार्य सुरु गर्नुअघि बीमक वा बीमितसँग आफ्नो कुनै स्वार्थ बाझिएको छैन भनी घोषणा गर्नुपर्नेछ।

इ. <u>इमानदारिता</u>ः आफ्नो पेशागत मर्यादा र नैतिकता कायम राख्दै कुनै पनि पक्षको दबाब वा प्रलोभनमा नपरी कार्य गर्नुपर्नेछ।

४. सञ्चार र समन्वय

अ. <u>सूचना प्रवाह</u>ः सर्भेयरको रूपमा नियुक्त भएको जानकारी र सर्भेको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा तत्काल सम्बन्धित सबै पक्षलाई जानकारी गराउनुपर्नेछ।

आ. <u>विशेषज्ञको राय</u>ः जटिल प्रकृतिको क्षति मूल्याङ्कनका लागि बीमकको सहमतिमा सम्बन्धित विधाका स्वतन्त्र विशेषज्ञको राय लिन सकिनेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

५. प्रतिवेदन र अभिलेखीकरण

अ. विस्तृत प्रतिवेदनः क्षतिसँग सम्बन्धित सम्पूर्ण विवरण र कागजातहरू बीमितबाट संकलन गरी बीमकको दायित्व र बीमितले पाउने रकम स्पष्ट खुलाई स्तरीकृत ढाँचा (Standard format) मा प्रतिवेदन बुझाउनुपर्नेछ। सो प्रतिवेदनको सारांश बीमितलाई समेत उपलब्ध गराउनुपर्नेछ।

आ. थप विवरणः बीमकले दायित्व निर्धारणका लागि माग गरेका थप आवश्यक विवरणहरू सर्भेयरले तत्काल उपलब्ध गराउनुपर्नेछ।

इ. अभिलेख संरक्षणः प्रतिवेदन, सम्बन्धित कागजात र तस्बिरहरूको प्रतिलिपि सामान्यत १५ वर्षसम्म (विवादास्पद दाबी भए अन्तिम टुङ्गो नलागेसम्म) सुरक्षित राख्नुपर्नेछ र प्राधिकरण वा बीमकले मागेको बखत उपलब्ध गराउनुपर्नेछ।

ख. बीमा सर्भेयरले गर्न नहुने कुराहरुः-

१. व्यावसायिक योग्यता र कानुनी परिपालना

अ. अवैध कार्यः बीमा सर्भेयरको इजाजतपत्र नलिई, नवीकरण नगरी वा नियम बमोजिम दर्ता कायम नभएको अवस्थामा सर्भेयरको रूपमा कार्य गर्न हुदैन।

आ. कानुनी उल्लंघनः आफ्नो पेशागत कार्य गर्दा प्रचलित कानुन, प्राधिकरणको निर्देशन, भ्रष्ट्राचार निवारण ऐन र सम्पत्ति शुद्धीकरण निवारण ऐन विपरीतका कुनै पनि कार्य गर्न हुदैन।

२. स्वार्थको द्वन्द्व र संस्थागत सुशासन

अ. संस्थागत संलग्नताः कुनै पनि बीमकको संस्थापक, सञ्चालक, तलवी कर्मचारी भई काम गर्न वा आधारभूत शेयर स्वामित्व धारण गर्न हुदैन।

आ. नाता सम्बन्ध र वित्तीय स्वार्थः आफ्नो वा आफ्नो एकाघर परिवार, नातेदार वा वित्तीय स्वार्थ भएको सदस्यको सम्पत्तिको क्षति मूल्याङ्कन गर्न हुदैन। साथै, बीमकको सञ्चालक वा उच्च व्यवस्थापनसँग नजिकको नाता सम्बन्ध भएको बीमकको सर्भे कार्य स्वीकार गर्न हुदैन।

इ. भ्रामक प्रचारः कुनै पनि बीमकको बारेमा गलत वा भ्रामक प्रचार प्रसार गर्न हुदैन।

३. नैतिकता, इमानदारिता र जालसाजी

अ. जालसाजी र किर्तेः बीमक, बीमित वा अन्य पक्षसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी वा किर्ते गरी गलत विवरण वा कागजात तयार गर्ने वा बीमक/बीमितको हित विपरीत कार्य गर्न हुदैन।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

आ. <u>बदनियतपूर्ण मूल्याङ्कन</u>ः क्षतिको मूल्याङ्कन गर्दा स्वार्थवश वा बदनियतपूर्ण तरिकाले वास्तविकभन्दा बढी, कम वा गलत मूल्याङ्कन गरी कुनै पनि पक्षलाई हानि पुऱ्याउने कार्य गर्न हुदैन।

इ. <u>अनुचित लाभ</u>ः सर्भे कार्यसँग सम्बन्धित कुनै पनि पक्षबाट उपहार, पारिश्रमिक, सेवा, सुविधा वा दाबी बापत प्राप्त हुने रकमको कुनै अंश वा अन्य अनुचित लाभ माग गर्न वा स्वीकार गर्न हुदैन।

४. व्यावसायिक आचरण र सेवा प्रवाह

अ. <u>सूचनाको गोपनीयता र पारदर्शिता</u>ः ग्राहकको विवरण सम्बन्धित बीमक र कानुनले तोकेका निकाय बाहेक अन्य पक्षलाई प्रकट गर्न वा थाहा पाएको विवरण बीमकलाई नबताई लुकाउन।

आ. <u>दुरव्यवहार र करकाप</u>ः बीमित वा निजको प्रतिनिधिलाई दुर्व्यवहार गर्न वा अनावश्यक करकाप (Coercion) मा पार्न हुदैन।

इ. <u>अस्वस्थ प्रतिस्पर्धा</u>ः अस्वस्थ प्रतिस्पर्धा गरी अन्य सर्भेयरको व्यवसायमा अनावश्यक खलल पुऱ्याउन हुदैन।

ई. <u>कार्यक्षमता</u>ः ऐन र नियमावलीमा तोकिएको समयसीमा भित्र सर्भे प्रतिवेदन पेश नगर्न वा प्रतिवेदन पेश गर्न अनावश्यक ढिलासुस्ती गर्न हुदैन।

नेपाल बीमा प्राधिकरण ★ NEPAL INSURANCE AUTHORITY ★